## शेरधन राई नेतृत्वको

# प्रदेश नम्बर १ को सरकारका उपलब्धिहरु

प्रदेश १ मा जम्मा ९३ सदस्यीय प्रदेशसभामा नेकपा (एमाले) ५१ सिटमा निर्वाचित भएको थियो । यो सङ्ख्या एक्लै सरकार बनाउन सुविधाजनक बहुमत थियो । सरकार नेकपा (एमाले) को नेतृत्वमा बन्ने कुरा पक्का भयो । सँगसँगै हामी माओवादी केन्द्रसँग गठबन्धनमा चुनाव लडेको हुनाले उसलाई सरकारमा सामेल गराउनुपर्ने कुरा छँदै थियो । उसलाई पनि साथमा लिएर २०७४ फागुन २ गते प्रदेश १ को पहिलो मुख्यमन्त्रीका रूपमा शेरधन राई नियुक्त हुनुभएको थियो ।

प्रदेश संरचना बिल्कुल नयाँ भएकाले वास्तवमै सुरुमा गुन्द्री र पिरामा बसेरै काम थाल्नुपरेको थियो । तथापि, विराटनगर प्रदेशको अस्थायी राजधानी तोकिएको र विराटनगर देशकै दोस्रो ठूलो सहरका रूपमा चिनिएको र पुरानो संरचनाअन्तर्गत क्षेत्रीय स्तरको पूर्वाधारहरू बनेको र रहेका कारणले अस्थायी र कामचलाउ भए पनि लगभग सबैजसो मन्त्रालय चल्न सक्ने अवस्था बन्यो ।

क्याबिनेटको पहिलो बैठकबाट हामीले सबै वीर सहिदहरूलाई सम्झने, सम्मान गर्ने काम गर्‍यौँ । अथवा, ठोस रूपमा भन्नुपर्दा प्रदेशभित्रका वीर सहिद तथा ऐतिहासिक भूमिहरूलाई नमुना गाउँ बनाउने निर्णय गर्‍यौँ । ती भूमिहरूको विस्तृत अध्ययन भएर हाल निर्माणका कार्यक्रमहरू सुरु भएका छन् ।

सरकार बनेलगत्तै त्यस आ.व. २०७४/७५ को अनुदान बजेट करिब १०२ करोड सङ्घबाट प्राप्त भएको थियो । हामीसँग कानुनहरू थिएन तर हामीले राजनीतिक निर्णयका आधारमा सङ्क्षिप्त कार्यविधि बनाएर बजेट खर्च गर्ने काम गरेका थियौँ ।

प्रदेश १ राजनीतिक र सामाजिक रूपमा सचेत र अग्रणी, क्रान्तिकारी नारीहरूको प्रतीक योगमाया न्यौपाने र शिक्षाको ज्योति फैलाउने बालागुरु षडानन्द त्यसैगरी राणातन्त्रलाई फ्याँक्ने २००७ सालको क्रान्तिका नायक रामप्रसाद राई, नारदमुनि थुलुङ, त्यसैगरी बीपी कोइराला, जननेता मदन भण्डारी, पहिलो कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारी, राष्ट्रिय विभूति महागुरु फाल्गुणानन्द, पासाङल्हामु शेर्पा, नेपालको पहिलो महिला राष्ट्रपति विद्यादेवी भण्डारी, राष्ट्रवादी छविसहित नेपालको इतिहासमै सर्वाधिक लोकप्रिय एवम् सफल

प्रधानमन्त्री हुनुभएका पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष कमरेड केपी शर्मा ओलीलगायतको जन्मथलो हो ।

प्रदेश १ विश्वकै अग्लो हिमाल सगरमाथा मात्र होइन, ८ हजार बढी उचाइका सबैजसो हिमाल अवस्थित भएकाले हिमालको राजधानी हो । ९९ सय प्रतिशत चिया उत्पादन हुने प्रदेश भएकाले चियाको राजधानी हो । ९० प्रतिशतभन्दा बढी अलैँची उत्पादन हुने प्रदेश भएकाले अलैँचीको राजधानी हो ।

३२ प्रजातिमध्ये २८ प्रजातिका लालीगुराँसले सजिएको प्रदेश भएकाले लालीगुराँसको राजधानी हो । रुद्राक्ष प्रशस्त हुने भएकाले रुद्राक्षको राजधानी हो । सप्तकोसीलगायत थुप्रै नदी र खोलानाला, तालतलैया र पोखरीले भरिएकाले जलस्रोतको धनी प्रदेश, पाथीभरा, बराहक्षेत्र, हलेसीलगायत थुप्रै धार्मिक सांस्कृतिक थलोहरूको पनि भूमि, अन्नको भण्डार, खाद्यान्नमा आत्मनिर्भर, दूध माछालगायतमा पनि आत्मनिर्भर, ऐतिहासिक दरबारहरूको पनि अवस्थिति, अनेकन् प्राकृतिक स्रोत र सम्पदाले भरिएको अनि हिमाल, पहाड र तराईले जोडिएको सुन्दर प्रदेशलाई योजनाबद्ध र आधुनिक ढङ्गबाट विकास गर्न, समृद्ध बनाउन र सजाउन केपी शर्मा ओली नेतृत्वको सरकारले तय गरेको ‘समृद्ध नेपाल : सुखी नेपाली’ को राष्ट्रिय आकाङ्क्षासँग तादात्म्य मिलाउँदै प्रदेश सरकारले प्रदेश योजना आयोगको गठनपश्चात् आवधिक योजना तर्जुमा गरी ‘स्वच्छ, सुखी र समुन्नत प्रदेश’ को प्रादेशिक लक्ष्य निर्धारण गरी जनताको समृद्धि र समुन्नतिको आकाङ्क्षालाई आत्मसात् गर्दै दृढ सङ्कल्पका साथ सरकार अघि बढेको थियो । यसरी प्रदेश सरकार गठन भएपश्चात् लोकसेवा आयोग, लगानी प्राधिकरणलगाय सङ्गठनात्मक संरचना, कानुनी संरचना, योजना तर्जुमा, प्रशासनिक र प्राविधिक संयन्त्र सबै दृष्टिले शून्यको स्थितिबाट सुरुवात गर्नुपरेको थियो । पहिलो डेढ वर्ष मूलतः ऐन, नियमावली, प्रशासनिक संरचना आदि निर्माणमा नै बित्यो ।

तीन वर्ष ६ महिना ७ दिनको कार्यकालमा भएका मुख्य उपलब्धिहरु यस प्रकार छन्:

२०७४ फागुनमा प्रदेश सरकार गठन हुँदाको बखतमा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ४८० अर्ब बराबरको भएकोमा यस अवधिमा सो बढेर रु. ५९५ अर्ब पुगेको छ, जुन २४ प्रतिशतले वृद्धि हो । त्यसैगरी प्रदेशको प्रतिव्यक्ति आय ८९० अमेरिकी डलर रहेकोमा यस अवधिमा सो बढेर १,०७१ अमेरिकी डलर पुगेको छ, जुन २०.३ प्रतिशतले वृद्धि हो । नेपालको कुल राष्ट्रिय गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १५.८२ प्रतिशत रहेको छ,

जुन वाग्मती प्रदेशपछिको दोस्रो ठूलो योगदान हो। यसलाई उल्लेख्य उपलब्धि मान्न सकिन्छ।

आ.व. २०७५/७६ मा राष्ट्रिय आर्थिक वृद्धिदर ६.८ प्रतिशत रहँदा प्रदेश १ को आर्थिक वृद्धिदर ७.४ प्रतिशत थियो। यसबीचमा कोभिड-१९ महामारीका कारण राष्ट्रिय आर्थिक वृद्धिदरमा ह्रास आई आ.व. २०७६/७७ मा २.२७ प्रतिशत मात्र रह्यो र तदनुरूप प्रदेश १ को आर्थिक वृद्धिदरमा पनि ह्रास आई ३.४१ प्रतिशतमा रह्यो। यसरी हेर्दा अर्थतन्त्रको दुवै अवस्थामा प्रदेशले राष्ट्रिय औसतभन्दा उच्च आर्थिक वृद्धिदर कायम राख्न सफल भएको छ।

प्रदेश आवधिक योजनाले निर्दिष्ट गरेबमोजिम प्रादेशिक लक्ष्य हासिल गर्ने उधेश्यका साथ प्रदेश सरकारले आफ्नो वार्षिक कार्यक्रम नीति र बजेट तर्जुमा गर्ने कार्यमा आफ्नो ध्यान केन्द्रित गर्‍यो। पहुँच, तजबिज, आग्रह-पूर्वाग्रह र भेदभावका आधारमा होइन अर्थात् त्यस परम्परागत थितिबाट पूर्ण रूपमा मुक्त भएर प्रदेश सरकारले सन्तुलित विकासको अवधारणा प्रस्तुत गर्‍यो। हिमाल, पहाड र तराईलाई वर्गीकरण गरेर प्रदेश निर्वाचन क्षेत्रलाई मूल आधार बनाएर योजनाहरूको छनोट, सङ्ख्या र बजेटको अङ्कको अनुपातसमेतलाई ध्यानमा राखेर सुस्पष्ट मापदण्डसहित केही प्रदेश प्राथमिकता प्राप्त गौरवका आयोजनाहरू, ६२ वटा बहुवर्षीय सडक, त्यति नै सङ्ख्यामा सडक पुलहरू, ८७ वटा मुख्यमन्त्री ग्रामीण सडक, झोलुङ्गे पुलहरू, सिँचाइ खानेपानी, भवनजस्ता आयोजनाहरूलाई सरकारले कार्यान्वयनमा लग्यो। ती आयोजनाहरू धमाधम निर्माण भइरहेका छन्, अधिकांश आयोजनाहरूको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। केही आयोजना समयअगावै सम्पन्न भएर मेरै हातबाट शिलान्यास र उद्घाटन भएर सञ्चालनमा समेत आइसकेका छन्।

प्रदेशका माननीयहरू खुसी र सन्तुष्ट रहनुभएको छ। किनकि, हामीले कसैलाई विभेद गरेनौं। माननीयहरू सबैलाई आफ्नो निर्वाचन क्षेत्रमा जनतासँग प्रत्यक्ष रूपमा जोड्न निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रममार्फत बजेट उपलब्ध गराउने काम सुरुको दोस्रो वर्षबाट गरियो। यसमा समानुपातिक माननीयहरूलाई समेत विभेद नगरीकन बजेट दिने काम गरियो। सायद अन्य प्रदेशमा समानुपातिक तर्फका माननीयहरूमार्फत सिफारिस एवम् खर्च गर्न पाउने बजेट राखिएन।

यसरी वास्तवमै देश सङ्घीय प्रणालीमा रूपान्तरित भएर प्रदेश संरचना बनेपछि सरकारले जसरी योजनाबद्व विकास आयोजनाहरू अगाडि बढायो र ती आयोजनाहरूको निर्माण कार्य तीव्र गतिमा सुरु भयो। यसले जनतामा बेग्लै खुसी, उत्साह, आशा र विश्वासको वातावरण

सिर्जना गरेको छ। वास्तवमै विकास र समृद्धि सम्भव रहेछ। त्यो हाम्रै पालामा, हाम्रै हातबाट, हाम्रै नेतृत्वमा सम्भव रहेछ भन्ने तथ्य जनतामा स्थापित भएको छ। यो स्थिति प्रदेश सरकारले तयार गरेको छ। यो सकरात्मक उपलब्धि हो।

पूर्वाधारलगायत क्षेत्रहरूमा प्रदेश सरकारले थालेका काम तथा आयोजनाहरू सम्पन्न हुँदै गर्दा प्रदेशले विकासको एउटा ठोस उचाइ हासिल गर्ने कुरा सुनिश्चित भएको छ। जनताको सुविधाका लागि बनेका र बन्दै गरेका पूर्वाधारलगायत सेवा र सुविधाका सबै कनेक्टिभिटीहरूको पहुँचले नागरिकलाई नै जोड्ने भएको हुँदा ती पूर्वाधारहरूको सही उपभोग, दिगो सम्पन्नतालगायत नजिकबाट रेखदेख खबरदारी जनस्तरबाट हुनैपर्छ। किनकि स्थानीय तह र प्रदेश तहको सरकार नजिक भएको हुँदा कोही पनि निर्माण व्यवसायी वा निर्माण कार्यमा संलग्न जोकोहीले ढिलासुस्ती गर्ने वा ठग्ने, भाग्ने, छल्ने वा छलिने सुविधा छैन यस सङ्घीय प्रणालीमा, त्यसैले नागिरकको थप खबरदारी हुँदा विकास कार्यहरू दिगो र गुणस्तरीय हुने कुरामा ठुलो मद्दत पुग्नेछ।

हामीले प्रदेशमा विकासका केही नवीन सोचहरू प्रस्तुत गरेका छौँ। योजना तर्जुमा र छनोट, बजेट बाँडफाँटको दिग्दर्शन बनाउनुका साथै व्यवस्थित, योजनाबद्ध र आधुनिक विकासका लागि एउटा कानुन नै बनाएर वृहत् विराट क्षेत्र विकासको अवधारणा प्रस्तुत गरिएको छ, जसमा १८ वटा पालिकालाई समेटिएको छ, जसको अध्ययनको कार्य सुरु भएको छ। यस अवधारणाको जगमा नै हामीले प्रदेशको राजधानी विराटनगर सर्वसम्मतिले तोकेका हौँ।

त्यसैगरी प्रदेश १ मा अवस्थित नेपालको सबभन्दा होचो भाग कचनकवल र संसारको सबभन्दा अग्लो हिमाल सगरमाथा जोडने पर्यटकीय द्रुतमार्ग निर्माणको अवधारणासमेत प्रस्तुत गरेर विस्तृत अध्ययनको काम भइरहेको छ। नेपालकै पहिलो नमुना मुन्धुम पदमार्ग निर्माण कार्य करिब ६५ किलोमिर पूरा भएको छ। प्रदेशका सबैजसो पर्यटकीय पदमार्गहरूलाई समेट्ने गरी ५ सय किलोमिटर पदमार्ग निर्माण परियोजना स्विस सरकार समेतको साझेदारीमा अगाडि बढाइएको छ।

विराटनगर विमानस्थललाई आधुनिक अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा निर्माण गर्न सङ्घीय सरकारको नागरिक उड्डयन प्राधिकरण, प्रदेश सरकार र विराटनगर महानगरपालिकाबीच त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भई नेपाल सरकार मन्त्रिपरिषद्ले जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाउन स्वीकृति प्रदान गरेबाट विराटनगरलाई नेपालको पूर्वी हवाई पर्यटकीय द्वारका रूपमा परिणत गर्ने प्रदेशवासीको

विगतदेखिको चाहना पूरा हुने आधार तयार भएको छ। सडक सुशासन परियोजना, अत्याधुनिक कोसी रिफ्रेस्मेन्ट सेन्टर निर्माण परियोजनासमेत अगाडि बढेको छ।

मनमोहन प्राविधिक विश्वविद्यालयको स्थापना गरिएको छ। सयभन्दा बढी सामुदायिक विद्यालयहरूमा आईटी शिक्षा सञ्चालन तथा ८४ सामुदायिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गरिएको छ। लोकसेवा आयोगले स्थानीय तहलगायत केही तहका कर्मचारी भर्ना प्रक्रिया सुरु गरेको छ।

विद्यालय नर्सिङ कार्यक्रम, एक पालिका एक खेल मैदान, एक जिल्ला एक रङ्गशालाको नीतिअनुरूप खेलमैदानहरू बनिरहेका छन्। विराटनगरस्थित सहिद रङ्गशालामा रात्रिकालीन समयमा पनि खेलकुद आयोजना गर्न सकिनेगरी फ्लडलाइट जडान गरिएको छ। सम्भवतः काठमाडौँबाहिर मोफसलमा रात्रिकालीन खेलका लागि फ्लडलाइट जडान भएको रङ्गशाला पहिलो हो। ६५ वर्षभन्दा माथिका आमाबुवाहरूको अनुहारमा मुस्कान छर्ने उद्देश्यले ज्येष्ठ नागरिक दन्त उपहार कार्यक्रम प्रभावकारी रूपमा सञ्चालनमा रहेको छ। ९० वर्षमाथिका ज्येष्ठ नागरिकहरूको सम्मान, भविष्यका कर्णधार, बालबालिकासँग प्रदेश सरकार कार्यक्रम, लागुऔषध तथा दुर्व्यसनविरुद्धको अभियानमा २ हजार विद्यालयहरूमा २ लाख विद्यार्थीलाई म अघि बढ्छु भन्ने स्लोगनसहित सगरमाथा टिन्स क्लबमा सङ्गठित गरी परिचालन गर्ने नवीनतम कार्यक्रम सञ्चालनमा रहेको छ।

सङ्घीयताको कार्यान्वयन र नयाँ राजनीतिक प्रणालीलाई समाजवादको आदर्शअनुरूप जनस्तरसम्म पुर्‍याउने उद्देश्यले योजनाबद्ध सोच, नीति तथा कार्यक्रम कार्यान्वयनका लागि मित्रराष्ट्र स्विजरल्यान्ड सरकारबाट रु. १ अर्बबराबरको अनुदान सहयोग प्राप्त भई प्रदेश सहयोग कार्यक्रम (पीएसपी) सञ्चालनमा रहेको छ। सायद यसप्रकारको अनुदान सहयोग लिने प्रदेशमा प्रदेश १ मात्रै हुनुपर्छ। यस प्रदेशको सडक तथा यातायात क्षेत्रको प्रदेश प्रोफाइल तयार गरिएको र १० वर्षे प्रादेशिक सडक गुरुयोजना तयार गरिएको छ, साथै स्विस विकास नियोगको सहयोगमा सो सडक गुरुयोजनाका आधारमा १० वर्षे आवधिक लगानी योजना (इन्भेस्टमेन्ट प्लान) तयार भएको छ।

प्रदेश सरकारले ५५ वटा मूल ऐनहरू, २४ वटा नियमावली, १० वटा निर्देशिका, २८ वटा कार्यविधि र १/१ वटा मापदण्ड र गठन आदेश गरी कुल ११३ वटा कानुनी दस्तावेज तयार गरी संस्थागत आधार तयार गरेको छ।

कोभिड-१९ को महामारी विश्वव्यापी रूपमा फैलिएपछि त्यसबाट सुरक्षित रहने एउटा कदमस्वरूप नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि देशभरि बन्दाबन्दी (लकडाउन) लागु गऱ्यो । तर, परिस्थितिलाई पूर्वानुमान गरेर प्रदेश सरकारले पूर्वतयारीस्वरूप फागुन २९ गते नै रोकथाम र प्रतिरक्षा व्यवस्थासम्बन्धी २३ बुँदे कार्ययोजना सार्वजनिक गरेको थियो । प्रदेश सरकारद्वारा रु. २५ करोडको 'कोरोना जनसुरक्षा कोष' स्थापना गरेको थियो । कोभिड-१९ को महामारीविरुद्ध जुध्न प्रदेश सरकारले १० दिनमा कोसी अस्पताल कोभिड-१९ उपचार केन्द्रको निर्माण गरेको थियो । अहिले आइसियु र भेन्टिलेटरसहित १०० बेड क्षमताको कोभिड अस्पताल सञ्चालनमा रहेको छ । प्रदेश सरकारले छिमेकी मित्रराष्ट्र चीनको स्वशासित राज्य तिब्बतबाट झन्डै १० करोडबराबरका उपचार सामग्रीको सहयोग प्राप्त गरेको थियो । सँगसँगै स्विस सरकारले समेत बिसौँ करोड बराबरको सहयोग उपलब्ध गराएको थियो । सुविधा सम्पन्न जनस्वास्थ्य प्रयोगशाला स्थापना र सबै अस्पतालहरूको स्तरोन्नति तथा स्वास्थ्य बिमा कार्यक्रम महत्त्वपूर्ण पक्षहरू हुन् ।

प्रदेश १ लाई डिजिटल प्रदेश बनाउने अभियानलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा डिजिटल प्रविधियुक्त मुख्यमन्त्री ड्यासबोर्ड (सीएम ड्यासबोर्ड) जडान र सञ्चालन गरी अगाडि बढाइएको छ । सँगसँगै यातायात सेवा कार्यालय र मालपोत कार्यालयलाई समेत डिजिटल प्रविधिमार्फत नागरिकहरूलाई सेवा प्रवाह गर्ने कार्य अगाडि बढेको छ ।

१ हजारभन्दा बढी रोजगारी सिर्जना हुने तथा २ हजार बढी कृषकहरू लाभान्वित हुने उद्देश्यका साथ सरकारको अनुरोधमा यस प्रदेशमा कृषिबजारीकरण, कृषि आयमा वृद्धि र साना तथा मध्यम तहका उद्यमहरूको विकास गर्न पाँच वर्षे नेपाल कृषि बजार विकास कार्यक्रम (२०७७-८१) सहयोगका लागि स्विस सरकार र नेपाल सरकारबीच सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ । प्रदेश योजना आयोगको सहकार्यमा बजेट योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन-२०७६ तथा मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष सञ्चालन गर्न कोष सञ्चालन नियमावली पारित गरी कार्यन्वयनमा ल्याइएको छ । डाटा सेन्टर स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन भइरहेको छ ।

पर्यटन क्षेत्रमा ३०० भन्दा बढी पर्यटकीय महत्त्वका स्थानहरूमा पूर्वाधार विकास निर्माण तथा ८७ किलोमिटर पर्यटकीय पदमार्ग निर्माण तथा स्तरोन्नति भइसकेको छ । तीन स्थानमा पर्यटन सूचना केन्द्र, १४ वटा पर्यटन भ्युटावर र १५० वटा पर्यटकीय पार्कहरू निर्माण भएका छन् । चिया खेतीको विकास, विस्तार, गुणस्तरीय उत्पादन र बजारीकरणका

लागि इलाम जिल्ला, सूर्योदय नगरपालिकाको कन्याममा चिया परीक्षण, अनुसन्धान तथा प्रवर्द्धन केन्द्रको स्थापनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

प्रदेशमा सूचना र सञ्चार जगत्लाई विकास गर्दै सक्षम र सबल बनाउने उद्देश्यले प्रादेशिक सञ्चार प्रतिष्ठान गठन भएको छ। सूचना प्रविधि पार्क, चलचित्र नगरी र छायाङ्कन स्थलको सम्भाव्यता अध्ययन कार्य प्रारम्भ गरिएको छ। प्रदेशभित्र आधारभूत खानेपानी सेवाको पहुँच वृद्धि भई ९७.५० प्रतिशत जनसङ्ख्यामा पुगेको छ। प्रत्येक घरधुरीमा धारा जडित सुरक्षित खानेपानीको सेवा ५० प्रतिशत जनसङ्ख्यामा पुऱ्याइएको छ। सरसफाइतर्फ प्रदेशका १४ वटै जिल्लालाई खुला दिसामुक्त घोषणा गरिएको छ।

प्रदेशलाई योजनाबद्ध ढङ्गबाट विकास गर्न प्रदेश सरकारले ६० भन्दा बढी रूपान्तरणकारी परियोजनाहरूको पहिचान गरी, एक परियोजना बैङ्क तयार गर्दै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने कार्यसमेत अगाडि बढाइएको छ। यसरी हामीले हरेक वर्ष सरकार गठन भएको वर्षको अवसर पारेर वर्षभरिका मुख्य काम र उपलब्धिहरूलाई सार्वजनिक गरिएको छ। त्यसैगरी आधा कार्यकालको मध्यावधि समीक्षा पुस्तिका, सूचना चित्र र तीन वर्ष पूरा भएको अवसर पारेर २३२ बुँदे गोजी पुस्तिका सार्वजनिक गरिएको छ।

केन्द्रबाट आउनुपर्ने अधिकारहरू हस्तान्तरण हुनमा ढिलाइ भयो, कतिपय अधिकारहरू हस्तान्तरण नै भएनन् । अहिलेसम्म प्रदेश प्रहरी समायोजन भएर आउन नसक्नु, निजामती सेवा ऐनको अभावमा प्रदेशहरूले आफ्नो कर्मचारी भर्ना गर्न नपाउनुले प्रदेशहरू कमजोर हुनु मात्रै होइन, सङ्घीयताको मूल मर्ममै असर पर्नु हो। साझा अधिकारसँग सम्बन्धित कानुनहरू बन्न नसक्नु, केन्द्रीकृत मानसिकता हाबी हुनु, सङ्घीय ब्युरोक्रेसीको सेटिङमा कर्मचारीहरूको खटनपटन हुनु र असहयोगको अवस्था रहनु, अकारण आफ्नै दलभित्रबाट अविश्वासको प्रस्ताव फेस गर्नुपर्ने कुरा सिर्जना गर्नुजस्ता कुरा पीडादायी तिता अनुभूतीहरू हुन् ।